फोन नं. : ०६७-४३०१०२/१०३

फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत

## मिति : २०७७ साल पौष २४ गते वसेको नगर कार्यपालिका वैठकका निर्णयहरु

१) फलेवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय खानीगाउँ पर्वतको नाममा वडा नं. ५ मा क्षेत्रफल ६०-८-०-० भएको जग्गा निशुल्क प्राप्त भएको छ । सो जग्गा प्रदान गर्ने जग्गा दाताहरुलाई धन्यवाद दिने र नगर कार्यपालिका कार्यालयको नाममा रहेको उक्त जग्गामा प्रमुख प्रशासकीय भवन निर्माण गर्ने ।

२) वडा नं. २ थापाठाना र वडा नं. ९ भंगराको वडा कार्यालय भवन निर्माणको शुभारम्भ भएको छ । वडा नं. १० कुर्घा र वडा नं. ११ पाङराङको वडा कार्यालय भवन निर्माणको काम तत्काल शुरु गर्ने ।

३) वडा नं. ३ शंकरपोखरी र वडा नं. ८ ठानामौलाको वडा कार्यालय भवन निर्माणका लागि डि.पि.आर. तयार गरी टेण्डर प्रक्रिया अगाडी वढाउने ।

४) वडा नं. ५ खानीगाउँ र वडा नं. ७ लिमिठानाको वडा कार्यालय भवन निर्माणका लागि मापदण्ड अनुसारको जग्गा व्यवस्थापन गरी नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गर्न वडा कार्यालयलाई निर्देश गर्ने ।

५) वडा नं. ५ लमाय खोला क्षेत्रमा अवस्थित घोडेढुङ्गा क्षेत्रमा रहेको सार्वजनिक जग्गा मध्ये ६० रोपनी क्षेत्रफलमा औद्योगिक क्षेत्र (उद्योग ग्राम) तोक्ने र जग्गा व्यवस्थापन गरी पूर्वाधार निर्माणका लागि प्रक्रिया अगाडी वढाउने ।

६) राष्ट्रिय योजना आयोगवाट स्थानीय तहमा कार्यान्वयन हुने गरी आवह्वन भएको आ.व.२०७८/२०७९ को संघीय समपुरक र विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमका लागि कार्यालयवाट पेश भए वमोजिमका आयोजनाहरु आयोगमा प्रस्ताव गर्ने ।

मिति : २०७७/०९/२६

०७७/९/२६
(टिकाराम गौडेल)
प्रवक्ता

Phone no: 067-430102/430103/430104
Website : www.phalewasmun.gov.np, Email : phalewashnagarpalika@gmail.com